PREPARE STL

REGIONAL RESPONSE TEAM

## खोपबारे पूर्ण जानकारी र छनौट - प्राय: सोधिने प्रश्नहरू

कोबिड-१९ बिरूद्ध खोप लगाउने या नलगाउने बारे तपाईको कुराकानि र निर्णय। यो महत्वापुर्ण छ। तपाईको रोझाई या निर्णय अति महत्वपुर्ण छ। खोप लिनेबारे **निर्णय र छनौट तपाईंको** हो।

- तपाईको शरिरमा जे हुन्छ त्यो तपाईको नियात्रणमा हुन्छ।
- जब तपाईसँग पुर्ण जानकारीहरू हुदैन, तपाईलाई सही लागेतापनि निर्णय गर्न चै गाह्रो हुन सक्छ।
- हल नगरिएका,अस्वीकृत र अनावश्यक आघातले डर र अविश्वासलाई  राम्रोसँग स्थापित गराएको हुन्छ।
- तपाईलाई भरोसायोग्य, तथ्यमा आधारित जानकारी चाहिन्छ जुन तपाईको लागि उत्तम हुनेछन्।

## खोपको परीक्षण

### खोप भनेको के हो र यसले कसरी काम गर्दछ?

खोप भनेको उत्पादक हो जस्ले कुनै निश्चित रोगसँघ लड्ने क्षमतालाई(प्रतिरोधकता क्षमता) विकास गर्दछ र ब्याक्तिलाई सो रोगबाट बचाउँदछ। जब तपाईंको शरीरमा अन्य व्यक्तिहरूबाट यी भाइरसहरूको सम्पर्ग हुन्छ,खोपहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई भाइरस पहिचान गर्न र नष्ट गर्न मद्दत गर्दछ । पछिल्ला सय बर्षमा, दादुरा, पोलियो, गलफुले, रुबेला, हेपेटाइटिस, र अधिकको विरूद्ध लड्न खोपहरू विकास गरिएको छ।

### खोप किन आवश्यक छ?

खोप महामारीलाई रोक्न उपलब्ध उपकरणहरू मध्ये एक हो। तिनीहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई मजवुद बनाउदछन। यदि तपाई भाइरसको संपर्कमा हुनुहुन्छ भने,तपाईं यो सँग लड्न सक्नुहुन्छ। अन्य चरणहरू, जस्तै मास्क लगाउनु, हात धुनु र शारीरिक रूपमा दूरी कायम गर्नाले भाइरसको सम्पर्कमा पर्ने वा फैलाउने सम्भावनाहरूलाई कम गर्न मद्दत गर्दछ।

### क्लिनिकल परीक्षणहरू भनेको के हो?

क्लिनिकल परीक्षणहरू खोप सुरक्षा र प्रभावकारिता निर्धारणका महत्त्वपूर्ण अंश हुन्। क्लिनिकल परीक्षणहरूको उद्देश्य यु.एस. खाद्य र औषधि प्रशासन (एफडीए) कोलागि उनीहरूका सिफारिसहरूको समीक्षा र आधार बनाउन वैज्ञानिक र सुरक्षा तथ्याङ्गहरू उत्पन्न गर्नु हो। हाल, फाइजर र मोडेर्नाले हजारौं सहभागीहरूलाई समावेश गरेर ३ चरण क्लिनिकल परीक्षण पूरा गरेका छन्  । परीक्षणहरूले खोपहरूको सुरक्षा र प्रभावकारिता निर्धारण गऱ्यो। एफडीएबाट फाइजर र मोडेरना दुबैले  संयुक्त राज्य अमेरिकामा उनीहरूका खोपहरू वितरण गर्न र आपतकालीन प्रयोग गर्न अनुमोदन प्राप्त गरिसकेका छन्।

### कोभिड-१९ (COVID-19) क्लिनिकल परीक्षणहरूमा कसलाई परीक्षण गरियो?

फाइजरको क्लिनिकल परीक्षणले  ४२,००० भन्दा बढि सहभागीलाई विश्वव्यापी रूपमा दर्ता गऱ्यो जसमध्ये २% जातीय र जनजातीय पृष्ठभूमि भएका छन्। मोडेर्नाले ३०,००० सहभागीहरु लाई दर्ता गरायो जस मध्य ६,००० हिस्पैनिक र ३,०००  काला जातिका सहभागीहरु थिए।

### आपतकालीन प्रयोग प्राधिकरण के हो (EUA)?

आपतकालीन प्रयोग प्राधिकरण (EUA) ले संयुक्त राज्य खाद्य र औषधि प्रशासन (FDA) लाई सार्वजनिक स्वास्थ्य आपतकालको समयमा खोप वा औषधि स्वीकृत गर्न अनुमति दिन्छ। EUA लाई जुन "प्रभावकारी हुन सक्छ" या पूर्ण एफडीए स्वीकृति आवश्यक

पर्ने भन्दा कम प्रमाणको भएमा,उपचारकोलागि अनुमति प्रदान गर्न सकिन्छ । एफडीएले COVID-19 खोपका लागि EUA जारी गर्नु अघि दुईदेखि तीन महिनाको सुरक्षा र प्रभावकारिता तथ्याङ्क समीक्षा गर्‍यो। डिसेम्बर २०२० मा, एफडीएले संयुक्त राज्यमा आपतकालिन प्रयोगकोलागि फाइजरको र मोडेर्नाको खोपहरूलाई अनुमति दियो।

**यदि मैले खोप लगाउने निर्णय गरेँ भने, मैले कुन COVID-19 खोप लिनु पर्छ?**

हाल, फाइजर र मोडेर्ना खोपहरू संयुक्त राज्य अमेरिकामा उपलब्ध छन्। तथ्याङ्कको सुझाव बमोजिम दुबै खोपहरू उस्तै प्रभावकारी छन्। यदि तपाइँले खोप लिने निर्णय गर्नुहुन्छ भने, तपाईकामा उपल्ब्ध भएको खोपलाई सिफारिस गरिन्छ । दुई खुराक प्राप्त गर्न निश्चित गर्नुहोस्। यदि तपाईं दोस्रो खुराक नलिनकोलागि रोज्नुभयो भने, तपाईंले खोपको पूर्ण लाभ प्राप्त गर्न सक्नु हुन्न।

**COVID-19 खोपहरूको पूर्ण एफडीए स्वीकृति कहिले हुनेछ?**

यो खोपहरूको पूर्ण एफडीए स्वीकृति कहिले सम्ममा हुनेछ भन्नेबारे हालमा थाहा भएको छैन।

**गलफुलेको खोप प्राप्त गर्न चार बर्ष लाग्यो भने, कसरी चै COVID-19 खोप सुरक्षित र यत्तिको चाँडो परीक्षण गर्न सकिन्छ त?**

धेरै कारकहरू थिए जसले COVID-19 खोपहरू यती छिटो विकसित हुन मद्दत गर्‍यो।समयको गतीसँगै, आधारभूत अनुसन्धान र क्लिनिकल परीक्षण गर्न रकम तथा अन्य महत्वपूर्ण स्रोतहरु लगानी गरिएको थियो। नयाँ परीक्षण केन्द्रहरू विकास गर्नुको सट्टा वैज्ञानिकहरूले अवस्थित केन्द्रहरूमा सामेल भएका कारण, समय बचत गरे।साथै, संक्रमणको संख्य बढ्दै गर्दा,बैज्ञनिकहरूलाई समूदायमा कोभिड बिरूद्ध खोप लगाएका र नलगाएका कारण संक्रमित भएका जनसमूदायको तुरून्त तुलना गर्ने अवसर मिल्यो जसले गर्दा खोपको प्रभावकारीता देखियो। अन्तिम, तर कम्तिमा पनि, क्लिनिकल परीक्षणको समयमा "नया" खोप प्रयोग गर्न इच्छुक र सहासी स्वयमसेवकहरूको ठूलो संख्याले प्रक्रियालाई चाडो गरायो।

**बेलायतमा एक नयाँ कोरोनाभाइरसको प्रजाति देखियो। के यो खोप अझै प्रभावकारी हुनेछ त?**

वर्तमान र पूर्व यू.एस. सर्जन जनरलहरू सहितको चिकित्सा विशेषज्ञहरुका अनुसार यो खोप नया भाइरसकालागिपनि प्रभावकारी हुनेछ भनेर विश्वस गर्न सकिन्छ।

**के खोपहरू अनिवार्य हुनेछ त?**

राज्य स्तरमा खोपहरू अनिवार्य गराउनकोलागि योजना बनेको छैन।

## प्रभावकारीता

**खोप कत्तिको प्रभावकारी छ?**

दुबै फाइजर र मोडेना खोपहरू करीव 95% प्रभावकारिता दर छ र गम्भीर रोगको रोकथाममा अत्यधिक प्रभावकारी छ। यो दर उमेर, लिङ्ग र जातीय, साथै अन्तर्निहित स्वास्थ्याको अवस्था भएका व्यक्तिहरू र पहिले COVID-19 बाट संक्रमित व्यक्तिहरूमा लागू हुन्छ।

**खोप लगाएपछि खोपले काम गर्न कति समय लाग्छ?**

COVID-19 को पहिलो खोप लगाएको केहि हप्तापछि केहि हदमा सुरक्षा प्रदान गर्ने अपेक्षा गरिएको छ। दोस्रो खोपपछि यसको अधिकतम प्रभावकारिता हुनेछ। अधिकतम खोप प्रभावकारिताकालागि सिफारिश समय अवधिको बीचमा दोस्रो खोप लिन धेरै महत्त्वपूर्ण छ।

**यदि मलाई खोप लगाईयो भने खोपले मलाई कति समयसम्म COVID-19 बाट जोगाउने छ?**

यो खोपले कहिलेसम्म रोग प्रतिरोधात्मक क्षमतामा टिक्छ भन्ने कुरा थाहा छैन। सुरक्षाको समय अवदिबारे अध्ययन भइरहेको छ।

## सुरक्षा

**के खोपहरू सुरक्षित छन्?**

परीक्षणमा दिइएका खोपहरू हजारौं व्यक्तिहरूमा परीक्षण गरियो र सुरक्षा आवश्यकताहरू पार गरिसक्यो। फाइजर वा मोडेर्नाको प्रारम्भिक क्लिनिकल परीक्षण चरणहरूमा कुनैपनि गम्भीर प्रतिकूल प्रभाव रिपोर्ट गरेको छैन्। हालसम्म, पूर्ण दुई-खुराक खोप प्राप्त गरेका व्यक्तिहरूको कुनै गम्भीर प्रतिकूल घटनाहरू रिपोर्ट गरिएको छैन। खोपको सुरक्षा निगरानी प्रणालीहरू खोपबाट हुन सक्ने प्रतिकूल पक्षहरूको अध्यन गर्न तयर छन्। यदि अप्रत्याशित प्रतिकूल घटना देखियो भने, विज्ञहरूले यो समस्य स्वास्थ्यको सुरक्षाको दृष्टिकोणबाट कतिको सत्य हो त भन्नेबारे चाँडै अध्ययन गर्ने छन। विशेषज्ञहरूले त्यसपछि यु.एस. खोप सिफारिस साखाहरूदूारा परिवर्तनहरू आवश्यक छ कि छैन भनेर निर्णय गर्दछन्। खोपबाट हुन सक्ने नकारात्मक पक्षहरू भन्दा खोपबाट पाउने लाभहरू क्रमश बढि नै होस भन्ने थहा पाउन, अनुगमन गर्नु अति महत्वपूर्ण छ।

**खोपका प्रतिकुल पक्षहरू के के छन्?**

खोप लिएका सबै ब्याक्तिहरुमा खोपको प्रतिकुल पक्षहरू या साइड इफेक्टहरू नदेखिएतापनि, यसबाट हुन सक्ने नकारत्मक असरहरूमाः हल्का घाउ, पखाला, ज्वरो, मांसपेशि दुखाइ र सर्दी शामिल हुन सक्छन। प्राय खोप सम्बन्धी नकारात्मक पक्षहरू या साइड इफेक्टहरू एक देखि दुई दिनसम्म रहन्छन।खोपको प्रतिकूल प्रभाव दोस्रो या बुस्टरपछि प्राय जसो देखा पर्छ। तर जेष्ठ नागरिकहरूमा यस खोपको साइड इफेक्टहरू कमै देखिएका छन। साथै, फाइजर र मोडेर्ना खोपहरूले उमेर, जाति, जातीयता वा अन्तर्निहित स्वास्थ्य स्थितिका आधारमा कुनै खास सुरक्षा चिन्ता पहिचान गर्न सकेको छैन। खोपहरूबाट हुने प्राय जसो प्रतिकूल प्रभावहरू भनेको सरिरले खोपको पहिचान गरी त्यस बिरूद्ध सरिरले प्रतिकृयत्मक सम्बन्ध राखेको हो जस्ले गर्दा तपाई स्वास्थ्य रहन सक्नु हुनेछ। तर यहाँ भएका दुबै खोपहरूको दीर्घकालिन प्रतिकूल असरहरू थहा भएको छैन। खोपको दीर्घकालीन साइड इफेक्टहरू दुर्लभ छन्। खोपको अध्ययन जारी छ,र प्रतिकूल साइड इफेक्टकोलागि अध्यान या अनुगमनपनि जारी रहनेछ।

**के यिहि खोपहरू दुई भाग या दुई चरणका छन त?**

हो, दुबै फाईजर र मोडेर्नालाई दुई चरणमा या दुई पटक लगाउनु पर्ने छ। तपाईले लगाउने खोपको आधारमा दोस्रो खुराक कम्तिमा दुई देखि चार साताको अन्तरालमा लगाउनु पर्नेछ। हालमा भने फ्लुः लाई जस्तै COVID-19 लाईपनि वार्षिक रूपमा लगाउनु पर्छ भनेर थहा भइसकेको छैन।

**के COVID-19 खोप प्राप्त गरेपछि, मलाई यो भाइरसले भेट्ने छैन भनेर सुनिश्चित गर्न सकिन्छ त ?**

अरू खोपहरू जस्तै यिहि खोपहरू लगाएपछि भाइरस लाग्दैन भनेर ग्यारेन्टि या सुनिश्चित गर्न भने सकिन्न। हाल सम्मको जानकारी बमोजिम, फाइजर र मेडोर्ना COVID-19 बिरूद्ध ९५% प्रभावकारी छन्। खोपपछि पनि तपाई संक्रमित हुनु भयो भने अन्य कुनै

PREPARE STL — REGIONAL RESPONSE TEAM

रोग हल्का रूपमा लागेको अनुमान गर्न सकिन्छ। यसैले आफ्नो मास्क लगाउन जारी राख्नुहोस्, आफ्ना हातहरू धुनुहोस् र सामाजिक दूरी कायम राख्नुहोस्।

**के मलाई COVID-19 को खोपबाट यो भाइरस सर्न सक्छ ?**

होइन। तपाईंले खोपबाट COVID-19 पाउनु हुन्न। यो खोपले जिवित भाइरस प्रयोग गर्दैन तर भाइरसको एक भागकालागि ब्लुप्रिन्ट (या प्रतिलिपि बनाउन) प्रयोग गर्दछ।

**के खोपको पहिलो चरण लगाए पछाडि मलाई COVID-19 ले संक्रमण गराउँछ त?**

पहिलो डोज या खुराकले केहि मात्रमा सुरक्षा प्रधान गर्दछ; त्यसैले दुई डोज पुरा गरेर पूर्ण सुरक्षित हुनेबारे सिफारीस गर्द छौं। दुबै फाइजर र मोडेर्ना भन्छन् जब दुबै खुराक या डोजहरू लिइन्छ, दुबै खोपहरू करीव 95% प्रभावकारी छन्।

**यदि मलाई खोप लगाईयो भने, के मैले मास्क लगाउन जारी राख्नुपर्दछ, मेरा हातहरू धुन र मेरो दूरी कायम राख्नु पर्छ त ?**

हो, तपाईले खोप लगाएपनि मास्क लगाउनु पर्छ, हात धुनु पर्छ, कम्तिमा छ फिटको दूरी राख्नुपर्दछ र ठूला जमघटहरू (विशेष गरी घर भित्र) टाडा रहनु पर्छ। जब अधिकतम मानिसहरूले खोप लगाएर कोभिडसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउछन र जब यो रोग समूदायबाट उल्लेखिनिय रूपले हटेर जान्छ, त्यसपछाडिमात्र समूहगत भेला हुन सकिन्छ।

**के हालमा मैले यो खोप अस्वीकार गरैं भने, पछि एफडीए (FDA) द्रारा स्वीकृत भएपछि मेरो विचार परिवर्तन गर्न सक्छु त?**

हो।

**यदि मलाई पहिले नै COVID-19 भएको अवस्थामा, मैले खोप लिन आवश्यक छ?**

तपाईंले खोप लिनेबारे विचार गर्नुपर्छ किनभने केहि व्यक्तिहरू जसलाई भाइरस भएको थियो पुन: संक्रमित भइरहेका छन्।COVID-19 को संक्रमणपछि सरिरको रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता कति लामो रहन्छ भन्नेबारे अस्पष्ट छ। र यो क्षमता ब्याक्ति विषेश हुन सक्छ या ब्याक्ति-ब्यक्तिमा फरक हुन सक्छ।

**यदि मैले खोप लगाउने निर्णय गरैं भने, के कस्ता जानकारी उपलब्ध गराउनु पर्छ?**

तपाईले उपलब्ध गराउने सूचनाहरू खोप लगाईदिने ब्याक्तिमा भर पर्दछ। नियमित डाक्टर भेट्न जानु अघि चाहिने सूचना जस्तै हो र के कस्ता प्रमाण-पत्र चाहिनेबारे पहिला नै फोन गरेर बुझ्ने। आवश्यकता बमोजिम, जस्तैः ड्राइभरको इजाजतपत्र र स्वास्थ्य बीमा ।

**मेरो जानकारी कसरी प्रयोग हुनेछ?**

तपाईंको स्वास्थ्य सेवा जानकारी सुरक्षित रहनेछ। यो अनैतिक तरिकामा प्रयोग गर्न मिल्दैन र गर्नु हुँदैन। सीमित व्यक्तिगत जानकारी तपाईंको स्थानीय खोप क्षेत्रबाट राज्य र संघीय सरकारमा रिपोर्ट गरिएको हुन्छ।

**के मेरो बच्चालाई खोप लगाउनु सुरक्षित हो त?**

प्रारम्भिक क्लिनिकल परीक्षणहरूमा बच्चाहरू सामिल थिएनन्। यसैले हालमा १६ बर्ष भन्दा मुनिका बच्चाहरूलाई कुनै खोप छैन। कारण, थप अध्ययनहरू पूर्ण गर्न आवश्यक छ। जे होस्,फाइजरको खोप आपतकालीन प्रयोगको लागि १६ बर्ष वा सोभन्दा बढी उमेरकालाई र मोडेर्नाको खोप १८ बर्ष भन्दा बढी उमेरका लागि अधिकृत गरिएको छ।

PREPARE STL

REGIONAL RESPONSE TEAM

**के यो गर्भवती महिलालाई खोप लगाउन सुरक्षित छ?**

धेरै खोपहरू गर्भवती महिलाहरुकोलागि सिफारिस गरिन्छ। तर मोडेर्ना या फाईजरले COVID-19को क्लिनिकल परीक्षणमा गर्भवती महिलाहरूलाई समावेश गरेका थिएनन। यसैले, गर्भवती महिलाहरूमा खोपले कसरी कार्य गर्दछ भन्नेबारे निश्चित रूपमा भन्न सकिदैन। COVID-19 हुने गर्भवती महिलाहरूलाई यसको गम्भीर असर बढी हुन्छ भन्नेबारे धेरै अध्ययनहरूले देखाएका छन।

**के विध्यालयहरूले विद्यार्थीहरूलाई गलफुले र दादुराको खोप जस्तै COVID-19 खोप लगाउन जरूरत छ ? यदि मेरो बच्चालाई COVID-19 लगाउन मैले अस्वीकार गरेँ भने के मेरो बच्चालाई प्रतिबन्ध लगाइनेछ ?**

हालमा विद्यार्थीहरुलाई COVID-19 खोप लिन आवश्यक छैन। बच्चाहरूकालागी यो खोप अनुमोदित हुदै उपल्बद हुन केही समय लाग्ने छ।

## वितरण

**के यो खोप कस्लाई पहिला लगाईन्छ तः COVID-19 को संक्रमणमा पर्न अति जोखिम भएकाहरूलाई कि अन्य जस्लाई COVID-19 ले भेटेको अवस्थामा गम्भिर संक्रमणको जोखिममा रहेकाहरूलाई?**

रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) ले देशका २१ मिलियान स्वास्थ्यकर्मी र ३ मिलियान दीर्घकालीन स्वास्थ्य सुविधाहरूमा रहेका बिरामीहरूलाई प्राथमिकता दिने योजनालाई समर्थन गरेको संघीय सरकारले पठाएको कुनै पनि खोपको लागि कुन समूह पहिलो हुन्छ भन्ने सम्बन्धमा राज्यहरूको निर्णय हुन्छ, तर उनीहरूले सीडीसीको सिफारिस बमोजिम काम गर्ने अपेक्षा गरीएको छ। स्वास्थ्य सेवाकर्मीहरू र दीर्घकालीन हेरचाह सुविधामा खोप लगाएपछि, सम्भवतः अर्को खोप लगाउने मानिसहरू ८७ मिलियन आवश्यक कामदारहरू - जस्तै शिक्षक, प्रहरी अधिकारीहरू, फायर फाइटरहरू, जेल अधिकारीहरू र किराना स्टोरका कर्मचारीहरू पर्ने छन। त्यसपछि १०० मिलियन वयस्कहरू जस्माः गम्भिर र दीर्घकालिन रोगीहरू र स्वास्थ्य उच्च जोखिममा रहेकाहरूकासाथै ७५ बर्ष उमेर वा सो भन्दा पाको उमेरका ब्याक्तिहरू।

**खोपहरू सर्वसाधारणलाई कहिले उपलब्ध हुने छन?**

प्रत्येक राज्यलाई खोप प्राप्त गर्ने, भण्डार गर्ने, वितरण गर्ने र प्राथमिकताको योजना तयार गर्नेबारे भनिएको छ। मिजौरी र इलिनोइजका राज्यहरूमा अझै सर्वसाधारणलाई खोप लिनकालागि समय तालिका तय गरेको छैन। यद्यपि, सबैभन्दा संवेदनशील र गम्भीर जनसंख्यालाई खोप लगाउन प्राथमिकता दिइनेछ। स्वास्थ्य सेवाकर्मीहरू; दीर्घकालिन सुविदा जस्तैः नर्सिङ होमहरूका बासिन्दा र कर्मचारीहरूकासाथै अग्रपंक्तिका सेवकहरू, शिक्षकहरू र शिक्षा सम्बन्धित कर्मचारीहरू ,बाल सेवा कर्मचारीहरू जस्ता आवश्यक कामदारहरू; र १८ बर्ष वा माथिका स्वास्थ्य उच्च जोखिममा रहेका व्यक्तिहरू यो समूहमा पर्दछन्।

**जब खोप सामान्य जनतामा उपलब्ध हुन्छ, म कहाँबाट खोप लिन सक्छु?**

संघीय सरकारले थप खोप वितरण गर्ने क्रममा, हजारौं खोप प्रदायकहरू उपलब्ध हुनेछन्, जस्तैः डाक्टरको कार्यालय, खुद्रा फार्मेसी, अस्पतालहरू र संघीय योग्य स्वास्थ्य केन्द्रहरू (Federally Qualified Health Centers (FQHCs)) लगायत अन्य सेवा केन्द्रहरूबाट खोप लिन सकिन्छ।

**के यो खोप निःशुल्क हो?**

स्वास्थ्य बीमा भएका या नभएका सबैलाई यो खोप निःशुल्क उपलब्ध हुनेछ। कसैलाईपनि COVID-19 खोपका लागि शुल्क लिन या बिल गर्न मिल्दैन। खोप प्रदायकहरूले बीमा, मेडिकेड वा मेडिकेयरबाट प्रशासन सम्बन्धित शुल्कभने लिन सक्ने छन।

## रोजगार र खोप

**के मैले COVID-19 खोप मेरो रोजगार सम्बन्धमा लगाउन जरूरी छ?**

COVID-19 खोप प्राप्त गर्न कुनै संघीय वा राज्य जनादेश छैन। रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) ले १८ बर्ष वा माथि उमेरका सबै अमेरिकीहरूलाई यो खोप सिफारिस गर्दछ।

**के म काममा फर्किनु अगाडि,मेरो रोजगारदातालाई मैले COVID-19 खोप लगाएको प्रमाण पेस गर्नु पर्छ?**

यो विषय निजि कम्पनिका रोजगारदातामा भर पर्दछः कर्मचारीहरूले COVID-19 को खोप लगाउन अनिवार्य छ या छैन भनेबारे उहाँले निधो गर्नु हुनेछ।

**यदि मैले खोप लिन अस्वीकार गरे भने के हुन्छ?**

खोप अस्वीकार गर्दा कुनै कानूनी सजायहरू (जस्तै जरिवाना, स्वीकृति वा सजाय)छैनन् । यदि तपाइँले खोप लगाउनु भएन भने, तपाइँ भाईरसबाट सुरक्षित हुनुहुने छैन जसले COVID-19 लाई निम्त्याउँछ। साथै, तपाईले यस घातक भाइरसलाई सहकर्मी र प्रियजनहरूलाई सार्ने जोखिममा हुनु हुनेछ।

**के मैले COVID-19 खोप अस्वीकार गरेमा म रोजगारबाट निष्कासित हुने छु त?**

हो, निजी कम्पनीहरूले COVID-19 खोप नलिएकोमा तपाईलाई निष्कासित गर्न सक्दछन्, किनकि रोजगारीका सर्तहरूको एक भागका रूपमा खोप अनिवार्य लिनेबारे सर्त रहेको हुन्छ। यसबारे धेरै जसो कम्पनीहरुसँग अझैपनि नीति छैन। केही कर्मचारीहरू स्वास्थ्य वा धार्मिक कारणले गर्दा खोप लिनबाट छुट पाउन सक्दछन्।

## इन्फ्लुयनजा या रूधाखोकि र COVID-19 (कोभिड-१९)

**यदि मलाई मौसमी फ्लू खोपबाट एलर्जी हुन्छ भने, के मैले COVID-19 खोप लिन सुरक्षित हुन्छ त?**

यसको जोखिम निर्धारण गर्न तपाईको स्वास्थ्य सेवा प्रधान गर्ने डाक्टरसँग कुरा गर्ने। तपाईलाई के कुराले एलर्जि हुन्छ र यो बस्तु COVID-19 खोपको अभिन्न भाग हो कि होईन भन्ने तथ्यमा भर पर्दछ।

**के फ्लू या रूघाखोकिको खोपले मलाई कोरोनाभाइरस हुनबाट बचाउँछ?**

इन्फ्लुएन्जा (फ्लू) र COVID-19 दुई फरक भाइरस परिवारसँग सम्बन्धित छन। त्यसैले एउटा खोप अर्को रोगकोलागि प्रयोग गर्न मिल्दैन। यस वर्षपनि तपाईले फ्लु या रूघाखोकिको खोप लगाउनेबारे बिचार गर्नु होला।

**के मैले दुबै फ्लू खोप र COVID-19 खोप लिन आवश्यक छ?**
मौसमी फ्लू खोपले तपाईँलाई COVID-19 बाट बचाउँदैन।  फ्लू र COVID-19 दुबैबाट एकैसाथ संक्रमित हुँदा अझ गम्भीर बिरामी पर्न सकिन्छ। यही कारणले गर्दा फ्लू खोप र COVID-19 खोप लिनेबारे विचार पुर्याउन अति महत्वपूर्ण छ।

निम्न माध्यमहरूबाट  सूचनाहरू प्राप्त गरीइएको हो:

- मिजौरी - https://covidvaccine.mo.gov/
- इलिनोइज - https://www.dph.illinois.gov/covid19/vaccination-plan
- रोग नियन्त्रण र रोकथामकालागि केन्द्रहरू (CDC) - https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/index.html
- संयुक्त राज्य खाद्य र औषधि प्रशासन (एफडीए) - https://www.fda.gov/emergency-preparedness-and-response/coronavirus-disease-2019-covid-19/covid-19-vaccines
- सेन्ट लुइज मेट्रोपोलिटेन पेन्डामिक टास्क फोर्स्।